# डुडुवा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## बनकट्टी, बाँके

Website: - duduwamun.gov.np
Email: - duduwagaupalika@gmail.com
५ न. प्रदेश नेपाल


डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

प.सं. २०७६/०७७
च.नं. १३४८

मितिः २०७७/०२/३२

श्री सबै वडा कार्यालयहरू,
श्री सबै स्वास्थ्य संस्थाहरू,
श्री सबै विषयगत शाखाहरू,
डुडुवा गाउँपालिका, बाँके ।

**विषयः** कार्यालय सञ्चालन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०२/२८ गतेको निर्णय एवम् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १५५३ र मिति २०७७/०२/३२ को परिपत्र र यस कार्यालयबाट जारी सार्वजनिक सूचना बमोजिम (कार्यालयको कार्य प्रकृतिको अनुकूलता अनुसार) कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन हुन निर्देशनानुसार अनुरोध छ ।

.................................
**ओमबहादुर राना क्षेत्री**

ओम बहादुर राना क्षेत्री
अधिकृत

**बोधार्थः**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, नेपालगञ्ज, बाँके ।

## डुडुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाँकेको कार्यालय सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०२/२८ को निर्णय एवम् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १५५३ र मिति २०७७/२/३२ को परिपत्र बमोजिम मिति २०७७ असार ०१ गतेबाट लागू हुने गरी हाललाई अर्को सूचना नभएसम्मको लागि यस कार्यालयबाट प्रवाह हुने सेवा देहाय अनुसार सञ्चालन हुने गरी व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छः

**कर्मचारीहरूका लागिः**

१. तोकिएको सिफ्टमा कर्मचारीहरू अनिवार्य रुपमा कार्यालयमा हाजिरी हुनुपर्नेछ ।
२. कर्मचारीहरूले कार्यालय प्रवेश गर्दा अनिवार्य रुपमा साबुनपानीले हात धुनुपर्नेछ/सेनिटाइजर प्रयोग गर्नुपर्नेछ ।
३. कार्यालयमा रहँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्नुपर्नेछ ।
४. कार्यालय भित्र वा बाहिर जहाँसुकै रहँदा भौतिक तथा सामाजिक दूरी कायम गर्नुपर्नेछ ।
५. सूचना प्रविधिको बढी उपयोग गरी सेवा प्रवाह गर्नुपर्नेछ ।
६. प्रवेश बिन्दूमा भीड व्यवस्थापनका लागि टोकन वितरण हेल्प डेस्कबाट गर्नुपर्नेछ र पालो मुताबिक एकजना मात्र सेवाग्राही प्रवेश गर्न दिनुपर्नेछ ।
७. अशक्त, वृद्धवृद्धा र कामको प्रकृति अनुसार अत्यावश्यक देखिएमा सेवा प्रवाहको क्रममा प्राथमिकता दिनु पर्नेछ ।
८. सेवाग्राहीलाई जानकारी दिनुपरेमा हेल्प डेस्कमार्फत दिनु पर्नेछ ।
९. कार्यालय सहयोगी कर्मचारीहरूले प्रत्येक कक्षका टेबुल तथा कुर्सीहरू नियमित सर्फ पानीले पुछ्नु पर्नेछ ।
१०. कार्यालय सहयोगी कर्मचारीहरूले शौचालय, कार्यकक्षहरू र कार्यालय परिसरलाई नियमित पूर्ण सरसफाइ राख्नु पर्नेछ ।

ओम बहादुर राना क्षेत्री

## इडुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाँकेको कार्यालय सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०२/२८ को निर्णय एवम् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १५५३ र मिति २०७७/२/३२ को परिपत्र बमोजिम मिति २०७७ असार ०१ गतेबाट लागू हुने गरी हाललाई अर्को सूचना नभएसम्मको लागि यस कार्यालयबाट प्रवाह हुने सेवा देहाय अनुसार सञ्चालन हुने गरी व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छः

१. यस कार्यालयबाट प्रवाह हुने सेवा पहिलो सिफ्ट बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दोस्रो सिफ्ट दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म गरी २ सिफ्टमा सञ्चालन हुनेछ।

२. सेवाग्राहीले अनिवार्य रुपमा मास्कको प्रयोग गरेको हुनुपर्नेछ र कार्यालय भित्र र बाहिर जहाँसुकै अनिवार्य रुपमा भौतिक तथा सामाजिक दूरीको पूर्ण पालना गर्नुपर्नेछ।

३. कार्यालय परिसरमा व्यवस्था गरिएको हात धुने ठाउँमा अनिवार्य रुपमा साबुनपानीले हात धोएर मात्र कार्यालयमा प्रवेश गर्नुपर्नेछ।

४. जथाभावी जहाँ पायो त्यहीँ थुक्ने र खोकेर खकार फाल्ने काम निषेध गरिएको छ।

५. कार्यालयको प्रवेश गर्ने मूल गेटमा टोकनको व्यवस्था गरिएको छ। टोकन लिएर आफ्नो पालो आएपछि मात्र भित्र प्रवेश गर्नुपर्नेछ।

६. अशक्त, वृद्धवृद्धा र कामको प्रकृति अनुसार अत्यावश्यक देखिएमा सेवा प्रवाहको क्रममा प्राथमिकता दिइनेछ।

७. सोधपूछ र जानकारी लिनुपरेमा हेल्प डेस्कमा सम्पर्क राख्नु पर्नेछ।

८. बन्दाबन्दी/लकडाउन केही खुकुलो भएपनि कोरोना भाइरसको जोखिम कम भइसकेको छैन। तसर्थ अत्यावश्यक काम नपरी घर बाहिर ननिस्कौं, भीडभाडमा नजाऔं। घर बाहिर निस्कदा अनिवार्य रुपमा स्वास्थ्य सावधानी अपनाऔं।